## सूचना

पशु बलीप्रथा न्यूनीकरण,
निरुत्साहन र अन्त्य गर्न सबै
नागरिकहरु सक्रियतापूर्वक लागौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
*सूचना विभाग*



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY


**नवरात्रमा भगवती दुर्गाको महत्ता**



पृष्ठ २


वर्ष-१२ ।। अङ्क : १८१ ॥ २०७७ कार्तिक ०८ गते शनिबार (24th Oct. 2020,Saturday) | **Pratidin** National Daily | मूल्य-रु.५/-


## झापामा एकैदिन १३७ जनालाई कोरोना संक्रमण



*झापा (प्रस)* । झापामा शुक्रबार एकैदिन १३७ जनामा संक्रमण पुष्टि भएको छ। जुन अहिलेसम्मकै धेरै हो । दोहोरो अंकमा संक्रमित पुष्टि हुँदै आएकोमा शुक्रबार तेहोरो अंकमा संक्रमण पुष्टि भएको जिल्ला स्वास्थ्य कार्यालय झापाले जनाएको छ। संक्रमितहरु कुन कुन पालिकाका हुन् भनेर खुलाइएको छैन ।

**बिर्तामोडमा एक चिकित्सक सहित थपिए ११ संक्रमित**

बिर्तामोडमा एक चिकित्सकसहित ११ जना कोरोना संक्रमित शुक्रबार थपिएका छन् । थपिनेमा ३ महिला र ८ पुरुष रहेका छन् ।संक्रमितहरु बिर्तामोड वडा नं १ , ३ , ४ र ५ का भएको बिर्तामोड नगरपालिकाका स्वास्थ्य शाखाका दीपक बाँसकोटाले बताए । निजी क्लिनिकमा काम गर्ने चिकित्सकलाई संक्रमण देखिएको उनले बताए । बाँकी सर्वसाधारण रहेका छन् । उनीहरुले मेची अस्पताल भद्रपुर र नोवेल हस्पिटल विराटनगरमा पिसिआर परीक्षण गराएका थिए । योसँगै बिर्तामोडमा संक्रमितको सँख्या २६४ पुगेको छ । कोरोना संक्रमणबाट बिर्तामोडमा ३ जनाको मृत्यु भएको छ ।

## प्रदेश १ सरकारका प्रवक्ता मन्त्री कार्कीलाई संक्रमण



*झापा (प्रस)* । आन्तरिक मामिला तथा कानूनमन्त्री एवम् प्रदेश १ सरकारका प्रवक्ता हिक्मतकुमार कार्कीलाई कोरोना संक्रमण पुष्टि भएको छ। निकट सम्पर्कमा रहेका व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएपछि मन्त्री कार्कीले बिहीबार पिसिआर परीक्षण गराएका थिए । प्रयोगशालाको परीक्षणबाट शुक्रबार उनीमा कोरोना संक्रमण पुष्टि भएको हो । मन्त्री कार्कीले फेसबुक स्टाटस लेख्दै विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसबाट संक्रमित भएको र अहिलेसम्म अवस्था सामान्य रहेको उल्लेख गरेका छन् । असोज २९ गतेको पिसिआर रिपोर्ट नेगेटिभ आएको भन्दै उनले केही दिनदेखि सामान्य रुघाखोकीको असर देखा परेपछि एकान्तबास बसेको र परीक्षण गर्दा संक्रमण पुष्टि भएको उल्लेख गरेका छन् । उनले आफूसँग सम्पर्क आएका सबैलाई सजग रहन पनि आग्रह गरेका छन् । आफू विराटनगरस्थित घरमा आइसोलेटेड भएर बसेको उनले जनाएका छन् ।

## झडपमा नेकपाका नेताको मृत्यु

*झापा (प्रस)* । पर्साको विन्दवासीनी गाउँपालिकामा बिहीबार नेकपाको दुई गुटबीच भएको झडपमा घाइते भएका एक नेताको उपचारका क्रममा मृत्यु भएको छ । वीरगन्जको पानीटयाङकीस्थित एलएस न्युरो अस्पतालमा उपचाररत नेकपाका गाउँ कमिटी सचिव मुकेश चौरसीयाको शुक्रबार बिहान मृत्यु भएको हो ।
चौरसीयाको उपचारका क्रममा शुक्रबार बिहान ९ बजेतिर मृत्यु भएको पर्साकी प्रहरी उपरिक्षक गंगा पन्तले जानकारी दिइन् । झडपमा घाइते नेकपाका कार्यकर्ताहरु चिन्टु तिवारी , उत्तम तिवारीसहित चारजनाको नेशनल मेडिकल कलेजमा उपचार भइरहेको छ । विन्दवासीनी गाउँपालिका वडा नम्बर ५ प्रसौनीभाठामा बिहीबार आयोजित नेकपाको गाउँपालिका कमिटीको शपथ ग्रहण कार्यक्रममा नेकपाका दुई गुटका नेता कार्यकर्ता बीच विवाद भइ झडप भएको थियो । झडपमा लठठी र भाठासहित आएका दुवै पक्षले एक अर्कामाथि आक्रमण गर्दा दुवैपक्षका गरी ८ जना घाइते भएका थिए । घाइतेमध्ये ३ जना बिहीबार राति नै उपचार गराइ घर फर्किएका थिए । अन्य ५ जना घाइते उपचाररत रहेको मध्ये गाउँ कमिटी सचिव चौरसीयाको उपचारका क्रममा शुक्रबार बिहान मृत्यु भएको हो । मृतक चौरसीया , तत्कालीन नेकपा माओवादीका नेता मातृका यादव गुटका हुन् । बिहीबारको शपथ ग्रहण कार्यक्रममा असन्तुष्ट पक्षले आफूहरुलाई कार्यक्रममा सहभागी हुन नदिएको भन्दै कार्यक्रमस्थलमै विवाद गरेपछि दुवै पक्षबीच लाठी हानाहान भएको थियो ।
झडपपछि घटनास्थलमा प्रहरी परिचालन गरी शपथ ग्रहण कार्यक्रम सम्पन्न गरिएको थियो । झडपमा संलग्न रहेको आरोपमा प्रहरीले बिहीबार बेलुकी पूर्वसांसद एंव नेकपाका नेता राजकुमार गुप्तासहित ७ जनालाई नियन्त्रणमा लिएर जिल्ला प्रहरी कार्यालयमा लगेको थियो । तर तीमध्ये गुप्तासहित ४ जनालाई भने प्रहरीले बिहीबार राति नै छाडिदिएको थियो ।
अन्य ३ जना हनिफ मिया , देवा सहनी र शोक्दीन गद्धीलाई भने प्रहरी हिरासतमै राखिएको छ । पर्साकी प्रहरी उपरीक्षक गंगा पन्तले घटनामा संलग्न आशंकामा ३ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको बताइन् ।

## संघीय सांसद एलपी साँवा र उनकी श्रीमतीलाई कोरोना



*झापा (प्रस)* । झापा क्षेत्र नं ४ का संघीय सांसद एलपी साँवालाई कोरोना संक्रमण भएको छ। सांसद साँवासँगै उनकी श्रीमती मनिषालाई पनि संक्रमण पुष्टि भएको हो । बिहीबार आएको पिसिआर रिपोर्टमा दुवैजनामा संक्रमण देखिएको नेकपा शिवसताक्षी नगर कमिटीका सचिवालय सदस्य दुर्गा नेम्बाङले बताए । । काठमाडौंको धुम्बाराहीमा बस्दै आएका सांसद साँवाले शंका लागेर बुधबार पिसिआर परीक्षण गराएका थिए । उनी र उनकी श्रीमतीलाई संक्रमण भएपनि परिवारका सदस्यलाई संक्रमण नदेखिएको नेम्बाङले बताए । संक्रमण पुष्टि भएपछि साँसद साँवा होम आइसोलेसनमा बसेका छन् ।

## सरकार भाग्दैन : प्रधानमन्त्री



*झापा (प्रस)* । प्रधानमन्त्री केपी शर्मा ओलीले कोरोना रोकथाम तथा उपचारमा सरकार कर्तव्यविमुख हुन नखोजेको स्पस्ट पारेका छन् । शुक्रबार देशवासीका नाममा सम्बोधन गर्दै उनले जो जहाँ छन् त्यहीँ बसेर दशैंतिहार जस्ता चाडबाड मनाउन पनि आग्रह गरेका छन्।
दशैंको अवसर पारेर प्रधानमन्त्री

❖बाँकी तेस्रो पृष्ठमा







# प्रधानमन्त्री निवासमा दसैंको टीका नहुने



*झापा (प्रस)* । यस वर्ष प्रधानमन्त्री निवासमा दसैंको टीका नहुने भएको छ । विगतका वर्षमा नेता कार्यकर्ता, शुभेच्छुक र इच्छुक आम नागरिक प्रधानमन्त्री निवास पुगेर दसैंको टीका ग्रहण गर्ने गरेका थिए।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणको खतरा रहेको भन्दै प्रधानमन्त्री ओलीले दसैंको टीका कार्यक्रम नराख्न निर्देशन दिएका हुन् । शुक्रबार देशवासीका नाममा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले यो वर्ष निवासमा दसैंको टीका कार्यक्रम नराख्न निर्देशन दिएको जानकारी दिएका हुन् । 'यसपालिको वडादसैं हामी जो जहाँ छौं त्यही बसेर सबैले मनाऔं', प्रधानमन्त्री ओलीले भने, 'संक्रमणको सम्भावित खतरालाई ध्यानमा राखेर प्रधानमन्त्री निवासमा सार्वजनिक टीका कार्यक्रम नराख्न निर्देशन दिइसकेको छु ।' ओलीले वडादसैंको अवसरमा सम्पूर्ण देशवासीलाई शुभकामना दिएका छन् । ओलीले संक्रमणबाट मृत्यु भएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै बिरामीको स्वास्थ्यलाभको कामना गरेका छन् ।

# सन्थाल बस्तीमा बजेनन् ढोल

झापा । नवरात्रि अर्थात् दशैं शुरु भएसँगै झापा र मोरङका दक्षिणी गाउँ रातभरि गुन्जयमान हुन्थे। ठाउँठाउँमा दशैं मेला लाग्ने गर्थे। ती मेलाका मुख्य आकर्षण हुने गरेका थिए, यसै भूगोलका आदिवाासी सन्थालहरु ।सन्थाल समुदायको परम्परागत भेषभूषा, बाजा र नृत्य झापा र मोरङमा लाग्ने दशैं मेला बजारहरुका मुख्य आकर्षण हुन्। सन्थाल समुदायमा दुर्गा तथा कालीलाई ईष्ट देवताका रुपमा पूजा गर्ने हुनाले पनि देवीको भक्तिगान गाउने पर्व दशैं यस समुदायका लागि विशेष हुने गर्दछ । झापा गौरीगञ्ज गाउँपालिका-२ का राजु निरौला यसपालिको दशैं शून्यजस्तो लागेको बताउँछन्। अघिल्ला वर्षहरुमा यस बेलासम्म सन्थाल नृत्यको रौनकले गाउँ गुन्जिने गरेको थिए। 'यसपाला यस्तो छैन', उनले भने, 'कोरोनाका कारण ढोल बजेका छैनन्, गाउँ नै निस्त्याए जस्तो भएको छ।'बर्सेनि सन्थाल नृत्य प्रतियोगिता गर्दै आएको झापाको कमल गाउँपालिका-५ को सगुन युवा क्लबले पनि यस वर्ष कुनै तयारी गरेको छैन। क्लबका अध्यक्ष देवेन्द्र आङदेम्बेका अनुसार प्रतियोगितामा भारतको बिहारदेखि सन्थाल नृत्य टोली आउने गरेका थिए।टोलीहरुबीच प्रतिष्पर्धा गराई निश्चित रकम दिएर हरेक वर्ष प्रोत्साहन गर्रिंदै आएको उनले बताए। यस वर्ष कोरोनाका कारण सामूहिक रुपमा पर्व मनाउन र मेला लगाउन सक्ने अवस्था नभएका कारण कुनै तयारी पनि नगरिएको उनको भनाइ छ।



**संस्कार धान्नै गाह्रो**

यस वर्ष महामारीका कारण नृत्यको कुनै तयारी नगरिएको सन्थाल अगुवाहरु बताउँछन्। घर र थानमा मात्र पूजाको तयारी गरिएको कमल-४ का सरकार सोरेनले बताए। उनी स्थानीय जोगिचौन टोलका माझीहडाम हुन्। माझीहडाम सन्थाल बस्तीका प्रमुख पनि हुन्। उनैको अगुवामा हरेक समुदायका हरेक निर्णय हुने गरेका छन्।यस वर्ष कतै पनि नृत्यको तयारी नभएको उनले जानकारी दिए। यस्तै, झापाकै गौरादह नगरपालिका-९ का बब्लु सोरेन पनि दशैं तयारीमा समय नदिएको बताउँछन्। दशैंको समयमा विभिन्न स्थानमा हुने दशैं मेलाहरुमा अघिल्ला वर्षहरुमा नृत्य देखाउने गरिएको भए पनि यस वर्ष मेला लाग्न सक्ने अवस्था पनि नरहेकाले घरैमा मात्र पूजा गर्ने तयारी रहेको उनले बताएका छन् ।

# सम्पर्क समितिले गर्यो शुभकामना कार्यक्रम




*झापा (प्रस)* । झापा क्षेत्र नम्बर -१ काठमाडौं सम्पर्क समितिले जुममार्फत् शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । नेपाली कांग्रेस केन्द्रीय प्रवक्ता विश्वप्रकाश शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा झापा कांग्रेस उपसभापति राम कट्टेल विशेष आतिथ्यता रहेको थियो।

कार्यक्रममा कांग्रेस प्रवक्ता शर्माले विश्वलाई कोरोना भाइरसले त्रसित बनाइरहेको बेला सबैलाई आ-आफ्नो घरमा बसेर चाडपर्व मनाउन आग्रह गरे । शर्माले दशैंको आशिर्वादको रुपमा मास्क लगाऔं, सामाजिक दुरी कायम राखौं, साबुनपानीले हात धोऔं भन्ने सन्देश दिनुपर्नेमा जोड दिए ।

झापा क्षेत्र नम्बर -१ काठमाडौं सम्पर्क समिति सभापति प्रज्वल कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सन्चालन सचिव पदम निरौलाले गरेका थिए । कार्यक्रममा झापा क्षेत्र नम्बर -१का कांग्रेस वडा सभापति, महिला संघ केन्द्रीय सदस्य गोमादेवी भट्टराई, नेविसंघका प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

# व्हिल चियर वितरण



*शिवसताक्षी (प्रस)* । शारीरिक रुपमा विकलाङ्ग भएका शिवसताक्षी नगरपालिकाका तीनजनालाई व्हिल चियर वितरण गरिएको छ । शिवसताक्षी वडा न-१ का सागर नेपाल, वडा न-२ का यान्सा नेम्बाङ र वडा न-८ का आयुस अधिकारीलाई व्हिल चियर वितरण गरिएको हो । प्रदेश साँसद झलकसिंह दर्लामीले उनीहरुलाई व्हिल चियर हस्तान्तरण गरेका थिए । शारीरिक रुपमा हिडडुल गर्न गाह्रो भएपछि सांसद दर्लामीको पहलमा उनीहरुलाई व्हिल चियर प्रदान गरिएको स्वकीय सचिव दुर्गा नेम्बाङले बताए । कार्यक्रममा शिवसताक्षी ८ का वडाध्यक्ष केयरसिंह बस्नेत, नेकपा नगर कमिटिका सचिवालय सदस्य तथा वडा नं १ का ईन्चार्ज दुर्गा नेम्बाङ ,सह-ईन्चार्ज तुलसी दाहाल , सचिव नेत्र नेम्बाङ , नगर कमिटीका सचिवालय सदस्य तथा वडा न २ का ईन्चार्ज दिपेश राई, नगर सदस्यद्वय भुवन राई र राजु दर्नाल, २ नं वडा कमिटीका अध्यक्ष भिम नेम्बाङलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय शारीरिक अपाङ्ग महासंघका अध्यक्ष बालकृष्ण गैरे र राष्ट्रिय अपाङ्ग कोषका सभापति रमेश तामाङको सहयोग रहेको थियो ।

# राजवंशी व्यूटी कन्टेस्टमा नितिशा विजयी

*भद्रपुर (प्रस)* । तीनताल प्रोडक्सनद्वारा संचालित व्यूटी कन्टेस्टमा भद्रपुर ७ निवासी नितिशा राजवंशी विजयी भएकी छन् ।

कोभिड १९ को महामारीका कारण सामान्य स्वास्थ्य मापदण्ड र सामाजिक दुरी कायम गर्दै संचालन गरिएको व्यूटी कन्टेस्टमा विजयी राजवंशीलाई नगद २० हजारसहित सम्मान गरिएको थियो । अनलाइनमार्फत सो प्रतियोगिता गरिएको थियो ।

आयोजक संस्थाका अध्यक्ष मनोरथ राजवंशीको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि राजवंशी भाषा संस्कृति तथा साहित्य परिषदका अध्यक्ष फुलसिंह राजवंशी रहेका थिए । त्यस्तै विशिष्ठ अतिथिमा




सोही परिषदका सचिव तुलाराम राजवंशी र अतिथिहरुमा वडा अध्यक्ष हंशधर राजवंशी,मुनिलाल राजवंशी, लखन राजवंशी, आसिनलाल राजवंशीलगायत रहेका थिए ।

बडा दशैंको शुभकामना
बडादशै,दिपावली तथा छैठ पर्व २०७७ सालको सुखद उपलक्ष्यमा सम्पुर्ण नेपाली दाजुभाई दिदिबहिनी , ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा सुख,शान्ति ,समृद्धि सहित उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
(कोरोनावाट आफू पनि जोगिऔं', अरुलाई पनि जोगाऔं' )
पवन अग्रवाल/दिलिप अग्रवाल
सञ्चालक
सालासार कुर्ता सुरुवाल सेन्टर
बिर्तामोड, झापा

बडा दशैंको शुभकामना
बडादशै,दिपावली तथा छैठ पर्व २०७७ सालको सुखद उपलक्ष्यमा संस्थाका शेयर सदस्य, संचालक, लेखा समिति, ऋण समिति, कर्मचारी एवं नेपाली दाजुभाई दिदिबहिनी तथा शुभचिन्तकहरुमा सुख,शान्ति ,समृद्धि सहित उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
(कोरोनावाट आफू पनि जोगिऔं', अरुलाई पनि जोगाऔं' )
तिर्थ ओझा
सचिव
योगेन्द्र पौडेल
अध्यक्ष
सम्वृद्धि बचत तथा ऋण सहकारी संस्था लि.
भद्रपुर, झापा

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु
औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।


सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।
पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार
सफलतापूर्वक उपचार हुने समस्याहरु
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# बडादसैंको शुभकामना

नेपालीहरूको महान् चाडका रूपमा विजया दशमीलाई मानिन्छ । यसलाई बडादसैं पनि भनिन्छ । यो घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म मनाइन्छ । विश्वभरि १४ प्रतिशत मानिस हिन्दू धर्म मान्दछन् भने नेपालमा करिब ८१ प्रतिशत जनसंख्या हिन्दू धर्मावलम्बी रहेका छन् । हिन्दू धर्म सबैभन्दा पुरानो धर्म भएकाले यसलाई सनातन धर्म पनि भनिन्छ । हिन्दूहरूको धार्मिक, सांस्कृतिक तथा पौराणिक पर्व बडादसैंमा फुलपाती, महाअष्टमी, महानवमी , विजयादशमीलाई विशेष उत्सवको रूपमा मनाइन्छ । यस वर्ष पनि हर्ष र उमंगको पर्व बडादसैं नेपालीहरूको घरघरमा भित्रिइसकेको छ । दसैंमा शक्तिस्वरूपा देवीदुर्गाको नौ दिनसम्म विशेष पूजा–अर्चना गरी दशौं दिनमा प्रसादस्वरूप टीका र जमरा लगाइन्छ ।

वैदेशिक रोजगारीका लागि परदेशिएका र काम विशेषले अथवा अध्ययनका लागि गाउँ छोड्नेहरू गाउँघर फर्किने, घरपरिवार सबै जम्मा हुने रमाउने समयमा यो वर्ष निर्धक्क गाउँमा गएर दसैं मनाउन पनि डर भएको छ । नवदुर्गाको प्रसाद, टीका र जमरा बुढापाका र मान्यवरबाट लगाउने र आशीर्वाद लिने पर्व बडादसैंमा पनि घर परिवार मान्यजनको नजिक हुन असहज हुँदै छ । यसपालि मन खुलेर दसैं आएकै छैन । विश्वमा कोरोनाको कारण अवस्था जटिल बन्दै गएको छ ।

चाडवाडसँगै बढ्न सक्ने बजार भीडभाड र जमघटले गाउँघरसम्मै संक्रमण फैलने खतरा देखिन्छ । सरकारले बडा दसैंलगायतका चाडपर्व घरपरिवारमा सीमित गरी मनाउन आग्रह गरिरहेको छ ।

धनीको दसैं गरिबको दशा बन्ने अवस्थाको सिर्जना हुनु हुँदैन । कोरोनाको पोजेटिभ रिपोर्ट हातमा लिई सडकको चर्को घाममा सेकिएकाहरूका लागि केको दसैं ? वर्षैभरि नयाँ कपडा किन्ने र मासु खानका लागि दसैं कुर्नै नपर्नेहरूका लागि सधैं दसैं । गरिब दुःखी सधैं रोग, भोग र अभावमा हुने दीनदुःखीहरूका लागि केही सोच्ने कि ? सकेसम्म दसैं सबैको हर्ष र उमंगको चाड बन्नुपर्दछ । देखासिकी, तडकभडक र मदिरामय दसैं होइन, समाजिक सौहार्दता कायम राख्दै सभ्य र गच्छेअनुसार हाम्रा सांस्कृतिक पर्वहरू मनाउनु पर्दछ । कतिपय कुरामा हामी जे छ त्यसैमा रमाउन र घाँटी हेरी हाड निल्ने बानी बसाल्नु नै जीवन सहज बनाउने उत्तम उपाय हो भन्ने बझ्नु आवश्यक छ ।

बडादसैं असत्यमाथि सत्यको विजय भएको अवसरमा मनाउने पर्व हो । यो वर्ष नवदुर्गाको कृपाले रोग, भोक र शोकबाट विश्व मानव जगत् नै मुक्त होस् । विभेदको अन्त्य भई सामाजिक सद्भाव उच्च रहोस् । सबैले न्यायको अनुभूति गर्न पाऊन् , सुख, शान्ति र प्रगतिले सबै नेपालीको जीवन समृद्ध बनोस् , यो बडादसैंको सबैसबैमा मंगलमय शुभकामना !

# संस्कृति, त्यो रौनक र कोरोना दसैं

❖रामेश्वरप्रसाद बराल

आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाई । वर्ष दिनमा एकपटक भैनभई खर्च गरेर घरघरका केटाकेटी र बूढाबूढीदेखि सबैले नयाँ नाना लगाउने, मीठोमसिनो खाने, खानेले मार हानेर खसी ढाल्ने, फलमासु पक्कु लाउने, हड्डी र बोसेमासुको सुरुवा बटुकामा हालेर सुरुपसुरुप सुर्कने, तन्काउनेदेखि आन्द्राभूडी धोइपखाली गर्ने, रक्ती र भित्र् यासमेतका भुटन चिउरा क्वामक्वाम खाने, काँक्राको खल्पी बीचबीचमा करक्क टोक्ने, बेलीविस्तार लगाएर के साद्दे !

साठी-सत्तरी वर्षअघि सहरलाई गाउँ भन्न सुहाउँथ्यो । हामी केटाकेटी दसैं आयो रे ! भन्ने सुन्न पाउँदा उसैउसै चौचौ हुन्थ्यौं । नयाँ लुगा लगाउन पाइने भइयो ! यसपटक त फुल प्यान्ट सिलाउने ! लाउँदिनँ म हाफ प्यान्ट र पाइजामा, सधैं लगाएकै त हो ! उमेर मिल्दासँग यस्ता फाइँफुट्टी लाउँथ्यौं । घरमा भने बुवाले हाम्रा कुरा सुन्दिए पो ! जे सिलाइदियो, नाका' चालले लाउनु परिहाल्थ्यो । नयाँको आशा गर्ने घरभरि हुन्थे दस-पन्ध्रजना । त्यसैले कैले आफैं बुवाले र कहिले आमाले नयाँ लुगा हाल्न पाउनु हुन्नथ्यो ।

बुवाको जागिर थिएन, खेतले दिएजतिको पटुवाका डाँठ खाल्डोमा गोडेर, धोएर, सुकाएपछि तयार सुन झैं झल्किने पटुवाका बोझा विराटनगर बजारमा बेच्नुहुन्थ्यो र भन्नुहुन्थ्यो, 'यो वर्ष पटुवाको कलकत्ता भाउ नै छैन ! माडेले राम्रो भाउ दिएन । कति दिन उसका गोलामा राख्ने ? आ ! मैले भाउ काटिदिएँ ।' भाउ काट्ने भनेको बेचेको दिनको भाउअनुसार पैसा लेनदेन गरेको मानिन्थ्यो। यसमा पनि कहिलेकाहीं बाजे, अर्को महिनामा सबै चुक्ता गरौंला है ! भन्दिन्थ्यो। के गर्ने ? दसैंले दोहोरो-तेहेरो मार खेप्नुपर्थ्यो । अनि हामी लुगा पाए पनि जुत्ता पाउन्नथ्यौं । कि नयाँ जुत्ता किन्ने र पुरानो लुगामा चित्त बुझाउनुपर्ने। नयाँ लगाउन पाइने भनेको वर्ष दिनको चाडमा । मन पनि कति खल्लो पार्ने ?

टीकाको दिन झनै पर्खेर बस्थ्यौं। घरको टीका सकिएपछि बाहिरतिर लाग्ने हतार हुन्थ्यो। केटामान्छे ! घरमा दक्षिणा नपाइने अनि यो बटुल्न घरबाट दश-पन्ध्र मिनेट वरपर गएपछि आसिक पनि पाइने र दक्षिणा पनि। 'आयु द्रोण सुते..., अनि केके फलाक्थे केके ! आसिकमा दुर्योधनको नाम आउँथ्यो। महाभारत कथामा जति सुनेको थिएँ, दुर्योधनको सुनाम थिएन । तर पनि मानञ्च दुर्योधनेको आसिक सँगसँगै आउँथ्यो । यत्ति ज्ञान थियो, दुर्योधनको बिजोक् मृत्यु भएको थियो ।

लाग्थ्यो, के त्यस्तो आसिक दिने चलन ? पचासौं वर्षपछि ज्ञान भयो, दुर्योधन महालक्ष्मीका मान पात्र रहेछन् । दुर्योधनका हातमा जन्मजात कस्तो सह थियो रे भने उनले दानमा जति हात फुक्का गर्थे, दुईगुनाले ढुकुटी भरिन्थ्यो । मान्छेमा दुर्गुण मात्र कहाँ हुने रहेछ र ? दुर्गुणीभित्र सद्गुण पनि त हुने रहेछ ! जे होस्, हामी केटाकेटीलाई आसिक बुझनै पो किन पऱ्या थियो र? अनि मिल्दा एकदुईजना भयो, घरघर चाहाऱ्यो । चिनेका घरजति भ्यायो। अरूले हालेको उखान सुनेको थिएँ, 'पैसा न सैसा टीका ट्र्याँस्ट्र्याँस् ।'



चाहाथ्यौं ठूलाघर, कान्छाबाको घर र गैराघरे, डँडेली, कटरबोटे साँल्दाइ, जन्तरेबाका घर। यी दिनभरिमा भ्याउने र लाज नहुने घर थिए। टीका लगाइदिएपछि धेरैले भन्ने गर्थे, 'सन्तानले डाँडाकाँडा ढाकून् !' जन्तरेबा टीका लगाइसकेर जमरा टाउकोमा छुवाउँदै आसिक् दिन्थे, 'धेरै पढेस्, सुब्बा भएस् !' मख्ख परिन्थ्यो, 'सुब्बा कति ठूलो मान्छे होला ? सबैले मर्यादा गरेर नमस्ते खान पाइने !' तर आफू सुब्बा हुने कैले कैले ! जन्तरेबा दक्षिणामा चारआनासम्म दिन्थे । ठूलासँग उनका अरू पनि कुरा चल्थे । 'दसैं पऱ्यो कात्तिकमा, ज्वाइँछोरीले पैलोपल्टको टीका छल्नु परिहाल्यो, आउन पाएनन् !' उसै पनि चलन थियो कालो कात्तिक भन्ने, यो महिना उति असल मानिन्नथ्यो। न जाडो, न हप्हपी गर्मी सकिएको ।

तिनताका नेपाली पैसा देखेकै थिएनौं भने हुन्छ। चलन थिएन। अनि जहाँ पुगे पनि दक्षिणामा धेरैजसो (बेलायती शासनको) हिन्दुस्तानी पाँचपैसे ढ्याक। कहीं मन फुकाउनेले दुईआनाको एउटा चारपाटे पित्तले पैसा दिन्थे। बेलुका घाम डुब्नुअघि बटुलेका दक्षिणा खल्तीमा लत्रिन्थे, छ्यान्र्याङ छ्यान्र्याङ बजाउँदै घर फर्किन्थ्यौं । गनेर हेर्दा साढे पन्ध्र आना, एक रुपैयाँ नपुग्ने। अरू दुई पैसा भए एक रुपैयाँ, कस्तो चुक्चुक् ! सम्झना छैन, ती पैसाको मैले के गरें ।

त्यो बेला हाम्रो पैसा कमाउने मेलो अर्को पनि थियो। कसैकसैले घरमा कौडा खेलाउँथे। हामी केटाकेटीलाई के थियो र ? पुग्थ्यौं त्यहाँ। खालका चार दाउमा चारजना, तिनका वरिपरि घेरेर च्याँखे, अरू बाँकी रमिते। हामी जाबो केटाकेटीलाई कसले गनोस् र ? आफ्नै सुरमा हुन्थे खालेहरू । बखत्बखत् कौडा हान्नेको मुखबाट हठात् सोर निस्कन्थ्यो – मा र्रा ! अनि बाँकी तीनै खालका अघिल्तिर तेर्सिएका नोटहरू उसले दुवै हातले सोहोर्ने । त्यसपछि सोह्र कौडा एउटा मुठीले सोहोरेर अँठ्याउने र ठूलो पौंजाका हत्केलामा छङ्छङ निफन्ने, कैले दुवै हत्केलाभित्र पारेर माड्ने र किरिङकिरिङ शब्द निकाल्ने। त्यतिखेर ऊ भन्दै पनि गर्थ्यो, 'दोबरी है, बढी थाप्न पाइँदैन !' कुनै खाले भन्ने गर्थे, 'झारेभुरे बाद् !' सुन्दा ऊ निकै क्याँटवालजस्तो लाग्थ्यो । त्यस्ताका पालामा एकदुईवटा सयसयका नोट थापिन्थे। अनि जाबा दुई रुपैयाँ, पाँच रुपैयाँका नोट झारेभुरे भएनन् त ?

मुलुक सञ्चालकले सही गन्तव्य पहिल्याउन नसके पनि हाम्रो संस्कृति मास्ने काम गर्नु हुँदैन। संस्कृति मऱ्यो भने देशको अस्तित्व मेटिनेछ ।

च्याँखेले एक हातमा सल्केको बिँडी र अर्कोमा नोटमा मुठ्याउँथे र मन परेको दाउमा थाप्थे। कौडा फ्याँकिन्थ्यो खालका माझ। खाले, च्याँखे सोर एकैपटक झिक्थे, सबैले आआफ्नो दाउ बोलाएर। आखिर कौडा भाँज्नेले भन्थ्यो, 'चा - रै ठाडा ! चौ - का !' कोही भने कौडा भुईंमा झर्न नपाइ दाउ चिन्ने।

तर नयाँ कर्रकर्र बज्ने नोटको बिजोक देखिन्थ्यो, कच्याक्कुचुक पारेर । ठान्थें, काम लाए त म सबै नोटलाई सम्याएर सरक्क बिटा पारिदिन्थें ! त्यहाँ जुवाडे धेरैका ओठ बिँडीले कलेटी परेका र आँखा पनि राता हुन्थे ! उसमाथि रातभरको अनिँदो, हारेको तोडमा अझ राता। राता टीकाका निधारमा जुवाडेका आँखामा रातीगेडी हालेसरह । बिडीका कुइलधुइल धुवाँले रमितेका आँखा उत्तिकै पोल्ने । मार्रा भन्नेले खुरुखुरु दुईचारपटक मार्दै गयो र पैसा सोहोर्दै गयो भने सबैले ठान्थे, 'कौडा जागे है, ढुट्याउनु ढुट्याउन आँट्यो !' तर पनि खालेले आफू टिक्न च्याँखेलाई उक्साउँथे, 'अब दोबरीको पनि दोबरी थाप्नोस् !' अनि कोही च्याँखे च्याँठिएर खल्तीमा भएका सिरिखुरी नोट झिकेर थापिदिन्थ्यो, 'ल ः अहिले त बल्झेला !' च्याँखेले जितौरी दिँदैनथे। खालेले एकदुईपटक कौडा लाग्यो भने खुसी भएर हामी केटाकेटीतिर मिलिक्क हेर्थ्यो र एक वा दुई रुपैयाँसम्म दिन्थ्यो, 'रामे, ला तँलाई जितौरी !' हामी त्यहाँ ढुकिराख्नुको सार त्यै थियो।

खालेभन्दा च्याँखे अलि चाँड्चाँडै फेरिन्थे। च्याँखेहरू बाठा ! अलिकति पैसा बल्झायो, टाप् ठोक्यो। खालेले जितिहाले पनि अर्को कोही उसको खालमा बस्न नआएसम्म छोड्न नपाउने। अनि लक्ष्मीले आफ्नो चञ्चला स्वभाव देखाइहाल्थिन्। एकछिनअघि उसले हजारौं जितेको, अर्कोछिनमा स्वाहा। सबैमा दुर्योधनका हातको सह नहुने रहेछ ! जितेको पारेर खुरुक्क खाल छाड्न सके पो सह र लक्ष्मीवन्त !

त्यसो त हाम्रो कमाउने मेलो तिहारताका पनि थियो। जितौरी पाइन्थ्यो। मस्जिदछेउ गुदडीबजारमा दसबीसजना अट्ने दुईवटा बेग्लाबेग्लै तिर्पाल हालेको हुन्थ्यो । तिर्पालघरमा कौडा जम्थे। यो राणाकाल सकिने बेला थियो । राणाहरू आफैं पनि खेल्थे र पञ्चकका पाँच दिन जुवा फुक्का भएको उर्दी सुनाउन झ्याली पिटाउँथे। भाइटीकाको भोलिपल्ट झिसमिसेदेखि फेरि पिटिन्थे बन्दको झ्याली। भोरजुवा त्यसैबेला हुन्थ्यो, हामीले गन्नै नजान्ने पैसाको हारजित । भाइटीकाको रात होइन, कौडाको रातजस्तो !

तर अहिले परिस्थिति फरक छ । गाउँको दसैंतिहारको त्यो रौनक अब रहेन । आज संस्कृति ओझेलमा छ। परम्परालाई निरन्तरता दिन कठिनाइ भइरहेको छ । माओवादी सशस्त्र संघर्षपछि त्यो संस्कृति हराउने हो कि भन्ने चिन्ता थियो । मुलुक सञ्चालकले सही गन्तव्य पहिल्याउन नसके पनि हाम्रो संस्कृति मास्ने काम गर्नु हुँदैन। संस्कृति मऱ्यो भने देशको अस्तित्व मेटिनेछ। कोरोना कहरले यसपटको दसैं रौनक खोसिदिएको छ । दुर्गा भवानीले हामी सबैलाई कल्याण गरुन् । विशेष गरी राज्यसञ्चालकलाई मुलुकको अस्तित्व जोगाउन सद्बुद्धि प्रदान गरुन् ।

# नवरात्रमा भगवती दुर्गाको महत्ता

❖डा. उत्तम उपाध्याय न्यौपाने

आश्विन शुक्लपक्ष प्रतिपदादेखि दशमीसम्मको १० दिनलाई दसैं भनिन्छ। १० दिनमा नौ रात हुने हुँदा यो अवधिलाई नवरात्र भनिन्छ । नवरात्रमा भगवती दुर्गाको पूजा-उपासना गरिने र दुर्गोत्सव शरद ऋतुमा पर्ने हुँदा यसलाई शारदोत्सव पनि भनिन्छ। नवरात्रमा भगवती दुर्गाको आराधनाको ठूलो महिमा छ । दुर्गोत्सवका विषयमा नवरात्र-प्रदीप, देवीभागवत, दुर्गाभक्ति तारंगिनी, मार्कण्डेयपुराणअन्तर्गतको दुर्गासप्तशतीका साथै पुराण वाङ्मयमा नवरात्रमा गरिने दुर्गा आराधनाका विषयमा प्रकाश पारिएको छ । देवताका तेजबाट देवीको आविर्भाय, देवीको स्वरूप, देवताबाट आयुधप्राधित, देवीद्वारा महिषासुर, चण्ड-मुण्ड-शुम्भ-निशुम्भ आदि दानवको बध र विजय प्राप्तिका बारेमा यी पुस्तकमा पढ्न पाइन्छ । दुर्गा मातालाई असत्यमाथि सत्यको जित र अन्यायमाथि न्यायको प्रतीकका रूपमा लिइन्छ । नवरात्रको व्रतलाई महासिद्धि दिने, शत्रुको सम्हार गर्ने र सबै प्राणीको उपकार गर्ने विशिष्ट व्रत मानिएको छ । विशेष गरेर ब्राह्मणहरूले यज्ञ सम्पादन, क्षेत्रीयहरूले पृथ्वीपालन, वैश्यहरूले गोधन वृद्धि, शत्रुहरूले पुत्र र सुख प्राप्ति, नारीहरूले सौभाग्य प्राप्ति र सम्पन्नहरूले धन प्राप्तिका निमित्त नवदुर्गा भगवती महिषासुरमर्दीय उपासना गर्छन्। यो महापुण्यदायक महाव्रत हो। यसैले भगवान् शंकर, ब्रह्माजी, विष्णु, इन्द्र आदि देवताले पनि विभिन्न अवसरमा नवरात्रव्रत गरेका थिए।

आश्विन शुक्ल प्रतिपदालाई घटस्थापना भनिन्छ । यस दिन प्रत्येक घरमा तामा, पित्तल, चाँदी या माटोका भाँडामा पञ्चतत्वको रूप मानी पाँचवटा ठाडा धर्सा गाईको गोबरले बनाई षोडषोपचारले पूजा गरी जौ रोपिन्छ। साथै शुद्ध बालुवासाथ टपरीमा जमरा राख्ने प्रचलन छ। यसै दिनदेखि दुर्गा पूजा प्रारम्भ हुन्छ।

दुर्गा मातालाई असत्यमाथि सत्यको जित र अन्यायमाथि न्यायको प्रतीकका रूपमा लिइन्छ।

पहिलो दिनदेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्धमाता, कात्यायनी, कालरात्री महागौरी, सिद्धिदात्री गरी नौ दिनपर्यन्त नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डि) पाठ गरिन्छ। महाकाली, महालक्ष्मी र महासरस्वतीको विशेष पूजाआजा र आराधना गरिन्छ ।

शैलपुत्री ः विधिपूर्वक घटस्थापना गरेर जौ, गहुँको जमारा राखी प्रारम्भ गरिएको दुर्गापूजाको पहिलो दिन शैलपुत्रीको पूजा गरिन्छ। पहिलो जन्ममा दक्ष प्रजापतिका गृहमा सतीदेवीका रूपमा र अर्को जन्म हिमालयका घरमा शैलपुत्रीका रूपमा उनको प्रार्दुभाव भएको हो। वृषभ वाहनमा चढेकी, दाहिने हातमा त्रिशूल र देब्रे हातमा कमलको फूल लिएकी यिनै देवीको आराधना गर्नाले अटल सौभाग्य, सुख, शान्ति, समृद्धि मिल्नेछ । आयुर्वेदमा शैलपुत्रीलाई हर्रोका रूपमा लिइन्छ।

ब्रह्मचारिणी ः नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी स्वरूपको ध्यान र पूजा गर्ने गरिन्छ। ब्रह्मचारिणीको शाब्दिक अर्थ ब्रह्म (तपस्या) को आचरण गर्ने भन्ने हुन्छ। ब्रह्मचारिणी सेतो वस्त्र धारण गरेकी, दाहिने हातमा जयमाला र देब्रे हातमा कमण्डलु लिएकी, खाली पाउमा सवार भएकी देवीको दिव्य स्वरूपको ध्यान गर्ने गरिन्छ । उनको आराधना गर्नाले आयु तथा स्मरण शक्ति वृद्धि र रक्त विकार शुद्ध गर्न तथा वाणीमा मिठास ल्याउन यी भगवतीको ध्यान गरिन्छ ।

चन्द्रघण्टा ः दुर्गा देवीको तेस्रो रूप चन्द्रघण्टा हो। १० भूजा भएकी, शरीरको रङ सुनको जस्तो देदिप्यमान सिंहवाहन भएकी, सदैव युद्धमुद्रामा देखिने चन्द्रघण्टा देवी मानवमा वाणीको प्रतिनिधित्व र राक्षसी प्रवृत्तिको विनाश गर्छिन्। यी ग्रहहरूमा शत्रु ग्रहको प्रतिनिधित्व गर्छिन्। आयुर्वेदमा चम्सुर (साग) लाई माताको अंशका रूपमा मानिन्छ।

कुष्माण्डा ः नवरात्रको चौथो दिन कुष्माण्डा देवीको आराधना गरिन्छ। जुन समयमा संसार अन्धकारमय थियो, सृष्टि भएको थिएन, यसै समयमा आफ्नो हाँसोद्वारा विश्व-ब्रह्माण्डको उत्पत्ति गरेकी हुनाले दुर्गादेवीको नाम कुष्माण्डा रहन गएको हो।

कुष्माण्डा भनेको कुभिन्डो हो। तसर्थ पृथ्वी कुभिण्डाकार देखिन्छ। अष्टभूजा भएकी, हातमा चक्र, गधा र अमृतपूर्ण कलश, कमलको फूल, वाण, धनुष, कमण्डलु र जपमाला वाहन सिंह भएकी आदिशक्ति स्वरूपा भवानीदेवी मानव मात्रमा गर्भाधान शक्तिको स्वरूप प्रदान गर्छिन्। आयुर्वेदअनुसार कुभिण्डो मानसिक रोगीका लागि अमृतसमान रहन्छ। साथै कुभिण्डो पञ्चबलिअन्तर्गत बलि दिने प्रचलन छ।



स्कन्धमाता ः पाँचौं दिन स्कन्धमाताको पूजा र आराधना गरिन्छ। कार्तिकेय देवासुर संग्राममा देवताका सेनापति थिए। यिनै स्कन्दको आमा भएकाले भगवती दुर्गाको यस अवतारलाई स्कन्धमाता भनिएको हो। उनी स्कन्धलाई काखमा राखी दायाँ हातमा कमलको फूल र बायाँतर्फ वरमुद्रा धारण गरी सिंहवाहनमा सवार हुन्छिन्। मानव मात्रलाई सांसारिक सुख भोगपश्चात् सद्गति मार्ग खुलाउने, सन्तान सुख दिने, यश, आराम, सुख, समृद्धि, कीर्ति आदि प्राप्त हुन्छ। आयुर्वेदमा आलसलाई स्कन्धमाताको अंशका रूपमा मानिएको छ।

कात्यायनी ः आद्यजगत् जननी दुर्गामाताको छैटौं दिन कात्यायनीको पूजा तथा आराधना गरिन्छ। कत नाम गरेका विशिष्ट महर्षि कात्यायनले पुत्री प्राप्तिका लागि कठोर तपस्या गर्दा माता प्रसन्न भई प्राकश्य भइन्। गोपिनीहरूले श्रीकृष्ण भगवान्लाई पति (कात्यपति) का रूपमा पाउनका लागि माता कात्यायनीको प्रार्थना गरेका थिए। साधनामा लागेकाहरूले धर्म, अर्थ, काम र मोक्षका दाता, भर्ता र हर्ताका रूपमा कात्यायनीलाई मान्छन्। विवाहमा वाधा र दाम्पत्य जीवनमा बेमेल भएका मानवले माताको आराधना गर्दा शीघ्र विवाहका साथै जीवन सुख बन्दछ।

कालरात्री ः यस दिन दुर्गामाताको कालरात्री स्वरूपको पूजा गरिन्छ। कालरात्री भनेको अज्ञान, अन्धकार, भय, डर, त्रास र विनाशिनी भनेको शुभकारी, फलदायी भावमा कालरात्री नामकरण भएको पाइन्छ। यस दिन विशेष गरेर महासरस्वती तथा पुस्तक, कापी, कलम आदिको पूजा गरिन्छ। सबै प्राणीलाई मृत्युको समयमा यस स्वरूपको अनुभव हुन्छ।

महागौरी ः नवरात्रको आठौं दिन महागौरी (महाकाली, महालक्ष्मी र महासरस्वती) को विशेष पूजाआजा गरिन्छ। महाअष्टमी र महानवमीबीचको रातभरि गुप्तपूजा गरिन्छ। शिवलाई पतिका रूपमा प्राप्त गर्न महागौरीले कठोर तपस्या गरेकी थिइन्। सोही कारणले उनको शरीर कालो भयो। तपस्यादेखि प्रसन्न भउका भगवान् शिवले उनको शरीर गंगाजलले स्नान गराई कान्तिमय बनाउनुभयो। त्यस्ती महाकाली दुर्गादेवीलाई मानवले पशुबलि दिई खुसी पार्ने प्रयास गर्छन्। शाकाहारीले कुभिन्डो, केरा, घिरौंला, लौका आदि फलको बलि दिन्छन्। यस्ती देवीको पूजापाठ र आराधना गर्दा असम्भव कार्यलाई सम्भव, असत्यमाथि सत्यको जित, अधर्ममाथि धर्मको विजय, निर्गुणीलाई सगुणीतर्फ लाग्न प्रेरणा मिल्छ। आयुर्वेदअनुसार तुलसीको अंशावतारका रूपमा महागौरीलाई मानिन्छ। यसै दिन अस्त्र-शस्त्र, सवारीसाधन, औजार, खड्ग आदिको पूजा गरिन्छ।

सिद्धियात्री ः शारदीय नवरात्रको नवौं दिन अर्थात् महानवमीमा भवानी दुर्गाको सिद्धिदात्री स्वरूपको आराधना गरिन्छ। सम्पूर्ण सिद्धि प्रदान गर्ने देवी हुन्। महामाया भगवतीले मोहिनी रूप धारण गरी दानवहरूको संहार गरेकाले नवमीको दिनलाई मोहनी भनिन्छ । यस दिन दुई वर्षदेखि माथिका कन्यालाई पूजा गरी मिष्ठान्न खुवाई दान-दक्षिणा दिइन्छ। सिद्धिदात्री देवीको आराधना गर्नाले अणिमा, महिमा, गरिमा, लघिमा, प्राप्ति, प्रकाम्य, इशित्व र वशित्व गरी आठ सिद्धि प्रदान गर्दछिन्। सृष्टिका क्रममा देवादिदेव महादेवले पनि आराध्यदेवीका रूपमा सिद्धिदात्री देवी योगमायाको अनुकम्पाले त्रिदेव क्रमशः ब्रह्मा, विष्णु, महेशको रूप धारण गरी जगत्को सृष्टि, स्थिति र प्रलय गर्नुभएको छ। साथै शिवजीले उनै देवीको कृपाशक्तिद्वारा अर्धनारेश्वर स्वरूप धारणा गर्नुभएको छ। आयुर्वेदअनुसार देवीको अंश कुरिलोमा पाइन्छ ।

दशमीका दिन विजयोत्सवका रूपमा मान्यजन, आफूभन्दा ठूला व्यक्तिका हातबाट अक्षता, जमरा, तिलक, टीका, प्रसाद ग्रहण गरिन्छ । भगवान् मर्यादा पुरुषोत्तम रामले माता दुर्गाको नौ दिनको व्रतकथासनापछि रावणको वध गरी असत्यमाथि विजय प्राप्त गरेका थिए। उनै माताको आशीर्वाद थाप्न कोजाग्रत पूर्णिमापर्यन्त मानिसहरू इष्टमित्र र मान्यवरकहाँ टीका प्रसाद ग्रहण गर्न जाने गर्छन्। यसरी कोजाग्रत पूर्णिमाकै दिन दसैं पनि विसर्जन गरिन्छ।




# हनुमानढोका दरबारमा भित्र्याइयो फूलपाती




***झापा (प्रस) ।*** गोरखा दरबारस्थित दशैँघरबाट काठमाडौँको हनुमानढोका दरबारका लागि फूलपातीसहितको डोली पठाइएको छ । विधिपूर्वक पूजाअर्चना गरी दरबारका सुसारेले शुक्रबार बिहान ९ :१० बजेको शुभसाइतमा फूलपातीसहितको डोली काठमाडौं पठाएका हुन् । फूलपातीको डोली बा २ झ ३२२१ नम्बरको सरकारी गाडीमा राखेर हनुमान ढोका दरबार पठाइएको गोरखा दरबार हेरचाह अड्डाका प्रमुख हरिप्रसाद भुसालले जानकारी दिए । गोरखाबाट पठाइएको फूलपाती हनुमानढोका दरबार पुऱ्याइएपछि शुक्रबार साँझ हर्ष बढाइँका साथ हनुमान ढोका दरबारमा फूलपाती भित्र्याउने प्रचलन रहँदै आएको छ । कार्यालयका नायब सुब्बा चूडानिधि तिवारीले हनुमान ढोका दरबारमा फूलपाती भित्र्याएको कार्यालय प्रमुख भुसालले जानकारी दिए । 'गत वर्ष भक्तजनहरूको ठूलो भीडभाड लाग्ने गर्थ्यो', उनले भने, 'यो पटक त्यो हुन सकेन, सामान्यरूपमा विधि पुऱ्याएर फूलपाती पठाएका छौँ ।'

तत्कालीन गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौंको हनुमानढोका दरबारबाट राजकाज सुरु गरेदेखि बर्सेनि बडादशैंको सातौं दिन गोरखा दरबारको दशैंघरबाट फूलपातीसहितको डोली काठमाडौंको हनुमानढोका दरबार पुऱ्याएर भित्र्याउने प्रचलन रहँदै आएको छ । गोरखा दरबारको दशैँघरबाट सतिपिपलस्थित फूलपाती चौतारासम्म फूलपातीको डोली दरबारका सुसारेहरुले बोकेर ल्याई त्यहाँबाट हनुमान ढोका दरबार पठाइएको हो । कोरोना भाइरसको संक्रमणको जोखिमका कारण भक्तजनहरुको सहभागिता बिना नै यो पटक विधिपूर्वक दरबारस्थित दशैँघरबाट सतिपिपल चौतारासम्म ल्याएर गोरखाबाट फूलपातीको बिदाइ गरिएको उनले बताए । सतिपिपलसम्म बोकेर ल्याइएको फूलपाती राखेर हनुमान ढोकामा फूलपाती पठाइएको हो । गोरखा दरबारको दशैंघरमा पनि आजै साँझ फूलपाती भित्र्याइन्छ ।







# 'प्रधानमन्त्री चुच्चे नक्सा खोइ ?'

***झापा (प्रस) ।*** प्रधानमन्त्री केपी शर्मा ओलीले दसैँको शुभकामना व्यक्त गर्नका लागि प्रयोग गरेको निशान छापमा रहेको नक्सालाई लिएर सामाजिक सञ्जाल प्रयोगकर्ताहरुले प्रश्न गरेका छन् । शुक्रबार प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल फेसबुक, ट्वीटरलगायतबाट दसैंको शुभकामना सन्देश व्यक्त गरेका थिए । सन्देशमा प्रयोग गरिएको निशान छाप पुरानो रहेको भन्दै प्रश्न गरिएको छ- कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको नयाँ चुच्चे नक्सा खोइ ? शुभकामना सन्देशमा प्रधानमन्त्री ओलीले आफ्नो तस्बिरसँगै नेपालको निशान छापको पनि प्रयोग गरेका थिए । उक्त निशान छापमा रहेको नक्सामा नेपालको पुरानै नक्सा राखिएको भन्दै प्रश्न उठेको हो । प्रधानमन्त्री ओलीले प्रयोग गरेको निशान छापमा भारतीय अतिक्रमणमा परेका कालापानी, लिपुलेक र लिम्पियाधुरा भएको चुच्चे नक्सा प्रयोग नगरिएको भन्दै सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले विरोध गरेका छन् । सरकारले जेठ ७ गते कालापानी, लिपुलेक र लिम्पियाधुरासहितको नेपालको नयाँ नक्सा प्रकाशित गरेको थियो । त्यसपछि तीन क्षेत्रलाई नेपालको निशान छापमा रहेको नक्सा संशोधन गर्नका लागि संविधान पनि संशोधन गरिएको थियो । हाल यही नक्सा प्रयोगमा छ । तर, प्रधानमन्त्री ओलीले नै संसदबाट पारित भएको नक्सा प्रयोग नगरेको भन्दै सामाजिक सञ्जाल प्रयोगकर्ता र राजनीतिक दलका नेताहरूले विरोध जनाएका छन् । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले प्रधानमन्त्रीले लिम्पियाधुरा क्षेत्र भएको नक्सा प्रयोग नगर्नुलाई त्रुटि मान्न नसकिने बताएका छन् । ट्वीटरमा उनले लेखेका छन्, 'लिम्पियाधुरारहित नेपालको नक्सा प्रयोगलाई सामान्य त्रुटि कसरी मानौं सम्माननीय प्रधानमन्त्री ? गम्भीर विमती दर्ज होस् ।' कालापानी क्षेत्र फिर्ता गर्ने भनेर प्रधानमन्त्री ओलीले गर्दै आएको भाषणतर्फ संकेत गर्दै शर्माले अगाडि लेखेका छन्, 'देशको संसदले पारित गरेको नक्सा अब नक्सामै असुरक्षित भएपछि जग्गा फिर्ता गर्ने अभियान जारी कि यहाँको नेतृत्वमा विसर्जन ?'

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले निशान छापमा रहेको नक्सामा लिम्पियाधुरा क्षेत्र नभएको भन्दै सच्याउन आग्रह गरेका छन् भने केहीले भारतीय खुफिया एजेन्सी 'रअ'का प्रमुख सामन्तकुमार गोयलसँग प्रधानमन्त्री ओलीले गरेको पछिल्लो भेटको प्रभाव भनेर पनि आलोचना गरिरहेका छन् ।







# गौरीगञ्जबाट लागुऔषधसहित दुई पक्राउ



***गौरीगञ्ज (प्रस) ।*** गौरीगञ्जमा लागुऔषधसहित दुईजना पक्राउ परेका छन् ।

गौरीगञ्ज गाउँपालिका वडा नं. ३ बस्ने अन्दाजी २० बर्षिय सुरज महतो र सोही ठाउँ बस्ने अन्दाजी ४० वर्षिय कृष्ण महतो शुक्रबार विहान करिब ७.३० बजे पक्राउ परेका हुन् । गौरीगञ्ज गाउँपालिका वडा नं. ५ फत्तेपुर सीमा नजिकबाट लागुऔषध कोरेक्स, हाईट्रोभेट ट्याब्लेटसहित २६ वटा बोतल झोलामा राखेर साईकलमा नेपालतर्फ आउँदै गरेको अवस्थामा उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरूसहित बरामद गरिएको लागुऔषध र साईकल ईलाका प्रहरी कार्यालय गौरीगञ्जमा राखिएको छ ।






# पथरी शनिश्चरेकी उपप्रमुख र पत्रकारसहित ३८ जनामा संक्रमण

**झापा (प्रस) ।** मोरङको पथरी शनिश्चरे नगर उपप्रमुखसहित नगरका जनप्रतिनिधि, नगर कर्मचारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र पत्रकार गरी पछिल्लो पटक ३८ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ। कोशी अस्पताल विराटनगरमा ७ दिनअघि पठाइएको स्वाबको शुक्रबार आएको रिपोर्टमा पथरीशनिश्चरे नगर उपप्रमुख यमुना विष्ट बाँस्तोलासहितका जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, नगर प्रहरी र पत्रकारसहित समुदायका ३८ जनामा कोरोना पोजेटिभ देखिएको नगर स्वास्थ्य शाखाले जनाएको छ। पछिल्लो पटक १ सय १५ जनाको स्वाबको नमूनामध्ये ३८ जनामा पोजेटिभ देखिएको हो । सोही बेला पठाएको स्वाबको प्रदेश प्रयोगशालामा गरिएको परीक्षणमा जनप्रतिनिधि, कर्मचारी र स्वास्थ्यकर्मी सहित ९ जनामा पोजेटिभ देखिएको रिपोर्ट यसअघि नै आएको थियो ।

शुक्रबारको रिपोर्टमा वडा नम्वर १ मा १४ पुरुष र ४ महिला, २ मा ३ पुरुष, ३ मा १ महिला १ पुरुष, ४ मा ४ पुरुष, ५ मा १ महिला, ७ मा १ महिला एक पुरुष, ९ मा ३ महिला १ पुरुष र १० मा २ पुरुष र १ महिलामा संक्रमण देखिएको हो । जसमा कानेपोखरी ठेगाना लेखाएका एक पुरुषमा पनि कोरोना देखिएको छ। जनप्रतिनिधि, कर्मचारी र स्वास्थ्यकर्मी सहितमा कोरोना देखिएपछि असोज ३० देखि नगरपालिका, वडा कार्यालय तथा नगर अस्पताल, शनिश्चरे स्वास्थ्य चौकी र १ नम्वर वडाको आधारभूत स्वास्थ्य केन्द्रको सेवा समेत बन्दकै अवस्थामा रहँदा दशैं विदा सुरु भएको छ ।नगरमा कोरोना संक्रमण दिनदिनै बढेपछि नगर प्रमुख दिलिपकुमार राईले दशैंतिहार, छैट लगायतका चाडपर्वका बेला झनै बढी स्वास्थ्य सतर्कता अपनाउन नगरवासीमा अनुरोध गरेका छन् । कोरोनाको बद्दो संक्रमणका कारण भीडभाड नगरी परम्परा धान्ने हिसावले मात्र चाडपर्व मनाउनु पर्ने वाध्यता रहेको सुझाएका छन् । उनले अत्यन्तै स्वास्थ्य सावधानी अपनाएर आफू पनि बच्न र अरुलाई पनि बचाउन आग्रह गरे ।

दशैंको विदाको समयमा कोरोना जाँचको अवस्था समेत असहज हुने हुँदा भौतिक दूरी कायम गर्दै अनिवार्य रुपमा मास्क लगाउने, साबुनपानीले हात धुने र सेनिटाइजर लगाएर स्वास्थ्य सतर्कता अपनाउन थप आग्रह गरे ।

# ४४ सय ९९ थपिए, २६ सय ६८ निको भए



**झापा (प्रस) ।** पछिल्लो २४ घण्टामा देशभर थप ४४ सय ९९ जनामा कोरोना पुष्टि भएको छ । योसँगै नेपालमा हालसम्म कुल संक्रमितको संख्या एक लाख ५३ हजार ८ पुगेको छ । त्यस्तै हाल सक्रिय संक्रमितको संख्या ४६ हजार ६९१ छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको तथ्यांक जानकारीअनुसार शुक्रबार देशभर २६ सय ६८ सय संक्रमित कोरोनामुक्त भएका छन्। योसँगै संक्रमित मुक्त हुनेहरूको कुल संख्या एक लाख पाँच हजार ४८८ पुगेको छ । पछिल्लो २४ घण्टामा थप १७ संक्रमितको मृत्यु भएको छ । यससँगै हालसम्म मृत्यु हुनेहरूको कुल संख्या ८२९ पुगेको छ । मन्त्रालयका अनुसार २४ घण्टाभित्र १६ हजार ८ सय ६३ पिसिआर परीक्षण भएको छ ।

# अमिर र दिपा अभिनित 'मञ्जुरी'



**झापा (प्रस) ।** तामाङ चलचित्र जगतका नायक अमिर दोङ र मोडल दिपा घिसिङ अभिनित 'मञ्जुरी' बोलको गीत बजारमा आएको छ । डम्फु मिडियाको अफिसियल युटुब च्यानलबाट उक्त गीत सार्वजनिक गरिएको हो । गीतलाई स्वंय दोङले निर्देशन र सम्पादन गरेका हुन । गीतमा चर्चित गायक एंव संगीतकार बिशाल काल्तानको शब्द र संगीत, चर्चित गायिका जितु लोप्चन र सन्तोष गोलेको आवाज रहेको छ । गीतलाई दिपेश प्रधानले मिक्सिङ र संगीत संयोजन गरेका हुन् । भिडियोलाई ड्रोन, छायांकन र कलर गरिएको छ । हेरुका लामा र युद्ध लामाले कोरियोग्राफी गरेका छन् ।

# राष्ट्रिय सुरक्षामा चुनौती : गगन थापा

**झापा (प्रस) ।** प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय गुप्तचर संस्था 'रअ'का प्रमुख सामन्तकुमार गोयलबीचको भेटलाई लिएर प्रतिपक्षी दल कांग्रेसका सांसद गगनकुमार थापाले आपत्ति जनाएका छन् । उनले प्रधानमन्त्रीले भारतीय गुप्तचर संस्थाका प्रमुखलाई भेट्नु कूटनीतिक मर्यादाको उल्लंघन र सामान्य त्रुटी मात्रै नभएर राष्ट्रिय सुरक्षामा नै चुनौती देखाएको बताएका छन् ।

प्रधानमन्त्री ओली र 'रअ' प्रमुख गोयलबीचको भेटबारे शुक्रबार एक विज्ञप्ति जारी गर्दै पूर्वमन्त्रीसमेत रहेका थापाले भनेका छन्, 'प्रधानमन्त्रीको भारतीय गुप्तचरसँगको भेटघाटलाई कूटनीतिक मर्यादाको उल्लंघन भनेर सामान्य त्रुटिका रुपमा प्रस्तुत गर्न खोजिएको छ । सम्बन्धित मन्त्रालय (परराष्ट्र) र निकाय (राष्ट्रिय अनुसन्धान विभाग) को अनुपस्थितिमा विदेशी गुप्तचरसँग भएको भेटघाटले प्रधानमन्त्रीबाट नै राष्ट्रिय सुरक्षामा 'थ्रेट' देखिएको छ । यसको अनुसन्धान हुनुपर्छ ।'

प्रधानमन्त्री ओली र 'रअ' प्रमुख गोयलको भेटको बचाउ गर्नु पनि सही नभएको थापाको भनाइ छ । 'यस प्रकरणपश्चात् पनि प्रधानमन्त्रीको बचाउमा केही बुद्धिजीविहरूले सामाजिक सञ्जालमा दुई देशबीचको सम्बन्धमा सुधारका लागि यो भेटघाट आवश्यक थियो भनेर बचाउ गरेको देख्दा उदेक लागेको छ,' उनले भनेका छन् । भारतीय राजनीतिक नेतृत्वलाई वार्तामा ल्याउनका लागि सरकारले कूटनीतिक कौशल देखाउनुपर्नेमा त्यसो हुन नसकेको थापाको भनाइ छ । नेपाल-भारतबीच विवादका विषयमा छलफल हुनुपर्नेमा कसैको विमति नरहेको पनि उनले बताएका छन् ।

'भारतीय गुप्तरचरसँगको कुनै पनि प्रकारको छलफलले नेपाल-भारत सम्बन्धको यथास्थितिको समस्या समाधान गर्ने सामर्थ्य राख्दैन । हाम्रो कुटनीतिमा हेक्का राख्नु पर्ने छलफल गर्नुपर्छ भन्नेमात्र होइन, कोसँग कसरी छलफल गर्ने भन्ने पनि हो,' उनले अगाडि भनेका छन्, 'सबै राजनीतिक तथा कूटनीतिक मर्यादालाई नाघेर अँध्यारो कोठामा गुप्तचरसँगको भेटघाटबाट नेपाल-भारत सम्बन्धमा निकास निस्कन्छ भन्ने तर्क गर्नु मुर्खता हो ।'

थापाले परराष्ट्र मन्त्रालय, मुख्यसचिव शंकरदास वैरागी र प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकारको क्षमतामाथि पनि प्रश्न उठाएका छन् । भारतीय खुफिया एजेन्सी 'रअ' का प्रमुख गोयल बुधबार दिउँसो नेपाल आएका थिए । उनी बुधबार राति प्रधानमन्त्रीलाई भेटेर बिहीबार बिहान दिल्ली फर्किएका थिए । गोयलसँग प्रधानमन्त्रीको भेटलाई लिएर सत्तारुढ नेकपाभित्रै पनि चर्को आलोचना भइरहेको छ ।

























# दमकमा सजिलो सर्भिस मार्ट सञ्चालनमा




*दमक(प्रस)* । थोक तथा खुद्रा बिक्री गर्ने उद्देश्यले दमक ८ मा सजिलो सर्भिस मार्ट सञ्चालनमा आएको छ ।

दमकमा रहेर सामाजिक काममा सकृय रहेको क्लब हिमालयन टाईगर अन्तर्गत रहेको हिटा बिजनेस ग्रुपले दमक ८ स्थित विकास मार्गमा सजिलो सर्भिस मार्ट सञ्चालनमा ल्याएको हो ।

मार्टको शुक्रवार एक कार्यक्रमका बीच दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठ र दमक नगर खेलकुद विकास समितिका संयोजक तथा दमक ८ का वडा सदस्य भिमराज चम्लागाईले संयुक्त रुपमा उद्घाटन गरे ।

क्लब हिमालयन टाईगरका अध्यक्ष रेवतचन्द्र भण्डारीले सुलभ दरमा नै दैनिक उपभोग्य सामानको थोक तथा खुद्रा बिक्री गर्ने उद्देश्यले मार्टले चाँडै अनलाईन सपिङसहित होम डेलिभरीको सेवा सुरु गर्ने बताए ।

मार्टमा क्लवका ३६ जना सदस्यहरुको २५ हजारदेखि १ लाख रुपैयासम्म लगानी रहेको छ ।

समाजिक सेवामा सकृय रहेको क्लब हिमालयन टाईगरले सेवामुलक काम गर्नको लागि मार्टबाट प्राप्त हुने नाफाको ५ प्रतिशत क्लबमा जम्मा गरिने र अन्य क्षेत्रमा क्लबसँगै मार्ट पनि विस्तार गरिने योजना रहेको अध्यक्ष भण्डारीले जनाएका छन् ।

मार्ट उद्घाटनमा क्लवका उपाध्यक्ष जे विमली,दमक उद्योग वाणिज्य संघका प्रथम उपाध्यक्ष राजु खड्का, क्लबका सदस्य बिशाल सेडाई, दिपक सुवेदी, भरत दाहाल, मोहन गौतम, राजीव शर्मा, राजन लुइटेललगायतकोउपस्थिति रहेको थियो ।















## सरकार ....

ओलीले देशवासीका नाममा सम्बोधन गरेका हुन्। सम्बोधन क्रममा प्रधानमन्त्री ओलीले कोभिड १९ संक्रमणको जोखिमलाई ध्यान दिँदै दशैं मनाउन आग्रह गरेका छन्। चाडवाडहरु पर्व र उत्सव मात्रै नभएर सामाजिक प्रबन्धका आधारसमेत भएकाले महामारीबीच पनि संयमित भई चाडपर्व मनाउन देशवासीलाई आग्रह गरेका छन्। ज्येष्ठ नागरिक, बालबालिका र कमजोर स्वास्थ्य अवस्था भएका व्यक्तिमा संक्रमण घातक हुन सक्ने भएकाले सचेत भई जो जहाँ छौं त्यहीँ चाडपर्व मनाउन उनले आग्रह गरे।

विभिन्न माध्यममा कोरोना उपचारको विषयमा अनावश्यक अफवाह आइरहेका र त्यसको पछाडि नलाग्न समेत उनले आग्रह गरेका छन्।

लकडाउन भएदेखि अहिलेसम्म जनतालाई भयभित बनाउने र थुप्रै अफवाह फैलाउने काम भइराखेको पनि प्रधानमन्त्री ओलीले बताए। महामारीविरुद्ध लडाईमा पक्ष र विपक्षको स्वार्थमा नलाग्न र दाउपेच नबनाउन समेत ओलीको आग्रह छ ।

सरकार कहिल्यै पनि कर्तव्यविमुख नहुने र जनताको स्वास्थ्यमा गम्भीर भएको पनि उनले बताए । कोभिड-१९ संक्रमणमा परेका सबै नागरिकको यथोचित उपचारको व्यवस्था सरकारले गर्ने उनको भनाइ थियो । निजी अस्पतालमा कतिपयले उपचार गराई सरकारलाई सहयोग गरिराखेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नसक्नेलाई सरकारले निःशुल्क उपचार गर्ने स्पष्ट पारेका छन्।

सामर्थ्यका आधारमा खर्च गर्नुपर्ने र तडकभडक कसैले गर्न नहुनेमा पनि उनले जोड दिए। भूकम्पको महामारी सम्झिँदै उनले यसबेला पनि गम्भीर अवस्था देखापरेको भन्दै उनले चाडवाडमा निरास नहुन उनले आग्रह गरे । विगतभन्दा फरक समय भएकाले चाडवाडमा ज्येष्ठ नागरिक र कमजोर स्वास्थ्य भएकासँग होस गर्न उनले आग्रह गरे।

सरकारले महामारी रोक्न सबैखाले प्रयास गरेको भन्दै उनले महामारीमा सरकारले जनताको जीवन रक्षा गर्न सबैखाले दायित्व पूरा गर्ने उनले आश्वासन दिए । हरेक नागरिकको परीक्षण र उपचारमा सरकार क्रियाशील रहेको उनले बताए। साथै अफवाह बढ्दै गएकाले नआत्तिन पनि उनले देशवासीलाई आग्रह गरे।

कोरोना निको हुने दर बढ्दै गएकाले महामारीविरुद्धको लडाइँमा सबै नेपाली लागिपर्नुपर्ने उनले बताए। महामारीमा सबैको यथोचित साथ दिनुपर्ने उनले बताए। सरकारले सबै नागरिकलाई उस्तै व्यवहार गरेको उनको भनाइ थियो। निजी अस्पतालमा कतिपयले आफ्नै खर्चमा उपचार गराइरहेको भन्दै त्यसलाई उनले राज्यप्रतिको दायित्व भनेका छन्।

बिरामीको मनोबल उच्च पार्न सबैले सबैलाई सहयोग गर्न पनि उनले सबैलाई आग्रह गरेका छन्। कोरोनाविरुद्धको महामारीमा सरकार सबै नागरिकको स्वास्थ्य सुरक्षा गर्न सरकार कर्तव्यविमुख नभएको र सबै प्रकारका स्वास्थ्य प्रबन्ध सरकारले गर्ने पनि उनले आश्वासन दिए ।

घरेलु औषधिजन्य वस्तु प्रयोग गर्न पनि उनले सुझाए। कोरोना नियन्त्रणमा अहोरात्र खट्ने सबैलाई उनले धन्यवाद दिँदै सबैको योगदानको उच्च कदर गरेका छन्। साथै कोरोनाबाट ज्यान गुमाउने सबैप्रति उनले समवेदनासमेत पनि दिए। साथै प्रधानमन्त्री निवासमा हुने बडादशैंको कुनै पनि कार्यक्रम नराखिने उनले जानकारी दिए।


प्रतिदिन

## वर्गीकृत विज्ञापन
















तपाईंकोमा प्रतिदिन आएन ?

नआएमा सम्पर्क गर्नुहोला ।

९८०६०५८२०८


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा |
|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ |

## राशिफल



**मेष** : आज पारिवारिक सुख एवं सहयोग मिल्नेछ । ताकेको कार्य पुरा हुनर र अधुरा कार्य पूरा हुनसक्छ ।
**वृष** : अनुहारमा कान्ति र मनमा शान्ति छाउला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।
**मिथुन** : टाउको एवं आँखा दुख्ने तथा रुघा लाग्नेजस्ता समस्याले सताउन सक्छ ।
**कर्कट** : आज स्वास्थ्य राम्रो रहनेछ भने परिवारको खुसीका निम्ति केही खर्च हुनसक्छ ।
**सिंह** : आफ्नो इच्छानुसार समय बिताउने अवसर जुर्नेछ ।
**कन्या** : आज मंगल र शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।
**तुला** : आज आफन्त वा इष्टमित्रसंग पुनर्मिलनको योग रहेको छ ।
**वृश्चिक** : आज धर्म, कर्ममा मन लाग्नेछ । आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ ।
**धनु** : विनाप्रतिस्पर्धा फाइदा हुने योग छ । पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भईएला ।
**मकर** : काम गर्दा अपजस आइलाग्न सक्छ भने विवादसमेत सिर्जना हुनसक्छ ।
**कुम्भ** : बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । नसोचेको ठाउँबाट धनागम हुनेछ ।
**मीन** : धर्म,कर्म तथा समाजसेवामा मन लाग्नेछ ।